सुनिश्चित भविष्य छात्रवृत्ति योजना सञ्चालन निर्देशिका, २०८३

शिक्षा ऐन, २०२८ को दफा १९क ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "सुनिश्चित भविष्य छात्रवृत्ति योजना सञ्चालन निर्देशिका, २०८३" रहनेछ ।

(२) यस निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-,

(क) "प्रभावित विद्यार्थी" भन्नाले विपद्बाट प्रभावित भएको भनी स्थानीय तहबाट यकिन भई मन्त्रालयको एकीकृत डेटावेसमा दर्ता भएको विद्यार्थी सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले शिक्षा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ।

(ग) "योजना" भन्नाले सुनिश्चित भविष्य छात्रवृत्ति योजना सम्झनु पर्छ।

(घ) "समझदारी पत्र" भन्नाले मन्त्रालय र सहयोगी संस्थाबिच आदान प्रदान गर्ने सम्बन्धमा गरिएको लिखित सम्झौता सम्झनु पर्छ ।

(ङ) "सहयोग" भन्नाले सहयोगी संस्थाबाट विद्यार्थीको अध्ययनका लागि उपलब्ध गराउने शैक्षिक सामग्री वा अन्य लजिष्टिक प्रबन्धलाई सम्झनु पर्छ ।

(च) "सहयोगी संस्था" भन्नाले सरकारी निकाय बाहेक छात्रवृत्ति वा सामग्रीगत सहयोग गर्ने गैरसरकारी संस्था, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल,राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसियसन नेपाल,उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ नेपाल र एसोसियसन अफ प्राइभेट एजुकेसनल इन्स्टिच्यूट नेपाल वा अन्य दातृ निकाय सम्झनु पर्छ ।

(छ) "स्थानीय तह" भन्नाले प्रभावित विद्यार्थी बसोबास गर्ने स्थानीय तह सम्झनु पर्छ ।

(ज) "स्रोत एकीकरण (व्याङ्किङ)" भन्नाले सहयोगी संस्थाबाट प्राप्त सहयोगलाई मन्त्रालयले योजनाका लागि एकीकृत गर्ने कार्यलाई सम्झनु पर्छ ।

३. **उद्देश्यः** वि.सं. २०८३ भदौ १० गतेको रसुवा-भोटेकोशी बाढी वा यस्तै अन्य विपद् प्रभावित विद्यालय शिक्षामा अध्ययनरत विद्यार्थीहरूको पढाइको निरन्तरता सुनिश्चितताका लागि सरकारी निकाय, गैरसरकारी संस्था तथा निजी क्षेत्रबाट प्राप्त हुने छात्रवृत्ति वा सहयोगलाई समझदारी पत्रका माध्यमबाट एकीकृत गरी आवश्यकता र वास्तविकताका आधारमा विद्यार्थीलाई शिक्षा प्रदान गर्नु यस निर्देशिकाको उद्देश्य रहेको छ।

४. **योजनाको लक्षित समूहः** योजनाको लक्षित समूह देहायबमोजिम हुनेछः-

(क) रसुवा-भोटेकोशीबाढीबाट प्रत्यक्ष प्रभावित भई प्रारम्भिक बालविकासदेखि कक्षा बाह्रसम्म अध्ययनरत वा अध्ययन गर्नुपर्ने विद्यार्थी, र

(ख) खण्ड (क) मा उल्लेख भए जस्तै अन्य स्थानमा भएका विपद्का कारण अभिभावक गुमाएका, घर वा जीविकोपार्जनको माध्यम क्षति भएका, वा विद्यालय भवन नष्ट भई अस्थायी रूपमा विस्थापित भएका विद्यार्थी ।

५. **छात्रवृत्तिको प्रकारः** प्रभावित विद्यार्थीलाई आवश्यकता र औचित्यका आधारमा देहायका छात्रवृत्ति तथा सहयोग उपलब्ध गराइनेछः-

(क) घरजग्गा गुमाएका तर अभिभावक भएका बालबालिकाका लागि पूर्ण छात्रवृत्ति,

(ख) घरजग्गा गुमाएका तर अभिभावकको आम्दानीको स्रोत रहेका बालबालिकाका लागि आंशिक छात्रवृत्ति,

(ग) अभिभावकविहीन बालबालिकाका लागि निशुल्क आवासीय छात्रवृत्ति,

(घ) आवश्यकताअनुसार शैक्षिक सामग्री तथा अन्य लजिष्टिक सहयोग।

६. **<u>प्रभावित विद्यार्थी पहिचान, सिफारिस र कार्यान्वयन प्रक्रिया:</u>** (१) स्थानीय तहले वडा वा विद्यालयमार्फत सूची अनुसूची-१ बमोजिमको फारामबाट प्रभावित विद्यार्थीको पहिचान तथा व्यक्तिगत विवरण सङ्कलन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रभावित विद्यार्थीको पहिचान महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त विवरण वा सिफारिसलाई पहिचान तथा सिफारिसको आधारका रूपमा लिन सकिनेछ।

(३) विद्यालय रहेको स्थानीय तहको वडा कार्यालय र विद्यालयको संयुक्त सिफारिसमा नागरिकता वा जन्मदर्ता प्रमाणपत्र वा विद्यालय भर्ना अभिलेखसँग भिडान गरी स्थानीय तहले विवरण यकिन गरी मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ ।

(४) मन्त्रालयले अनलाइन डिजिटल एकीकृत डेटाबेसमा स्थानीय तहबाट प्राप्त प्रमाणित विवरण र सिफारिस समेटी एकीकृत विवरण तयार पार्नुपर्नेछ ।

(५) मन्त्रालयले सहयोगी संस्थासँग समझदारी पत्रमा उल्लेख भएबमोजिमको स्रोत एकीकरण गरी एकीकृत डेटावेस अद्यावधिक गर्नेछ ।

(६) मन्त्रालयले प्रत्येक सहयोगी संस्थाको योगदान, प्रयोजन र सर्त समझदारी पत्रमा स्पष्ट उल्लेख गर्नेछ ।

(७) उपलब्ध स्रोत र प्रमाणित प्रभावित विद्यार्थी सङ्ख्याका आधारमा प्रतिविद्यार्थी न्यूनतम सुनिश्चित सुविधा निर्धारण हुनेछ।

(८) अभिभावक गुमेका, पूर्ण घर क्षति भएका विद्यार्थीलाई प्राथमिकता दिई दफा ४ बमोजिमको छात्रवृत्तिका लागि छनोट गरिनेछ ।

(९) मन्त्रालयले स्रोत एकीकरण विवरणको आधारमा छनोट भएका विद्यार्थीको विवरण शैक्षिक संस्था रहेको स्थानीय तहमा पठाउनु पर्नेछ ।

(१०) स्थानीय तहले विद्यार्थीलाई प्रदान गरिने सहयोग विद्यालयमार्फत वितरण हुने प्रबन्ध मिलाउनु पर्नेछ र त्यसको नियमित अनुमगन गरी अभिलेख राख्न लगाउनुपर्नेछ ।

(११) स्थानीय तहले त्रैमासिक प्रगति प्रतिवेदन जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइमार्फत मन्त्रालयमा पठाउनुपर्नेछ ।

७. **<u>कार्यान्वयन संरचना</u>**: (१) योजना कार्यान्वयनका लागि तीन वटा तहगत संरचनाले देहाय बमोजिम कार्य गर्नेछः-

(क) मन्त्रालयले योजना कार्यान्वयनको लागि नीति निर्धारण,स्रोतको एकीकरण,सहयोगी संस्थासँग समझदारी,समग्र अनुगमन गर्ने,

(ख) शिक्षा विभागले स्थानीय तहबिच समन्वय,विवरण सङ्कलनमा प्राविधिक सहयोग,प्रगति सङ्कलन एवं प्रतिवेदन तयार गर्ने,

(ग) स्थानीय तहले विद्यार्थी पहिचान,प्रमाणीकरण,सहयोग वितरण र अनुगमन गर्नेछ,

(घ) विद्यालयले विद्यार्थी सिफारिस,सहयोगको प्रभावकारी प्रयोगमा सहयोग एवं सिकाइ निरन्तरताका लागि आवश्यक प्रबन्ध गर्ने।

(२) सहयोगी संस्थाले अनुसूची-२ बमोजिमको समझदारी पत्रमा उल्लिखित सर्तबमोजिम योजनाका लागि सहयोग वा सामग्री परिचालन गर्ने वा मन्त्रालयसँगको सहमतिमा प्रत्यक्ष कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

तर सबै सहयोगको अभिलेख मन्त्रालयको एकीकृत डेटावेसमा अनिवार्य रूपमा समावेश हुनेछ।

८. **संस्थागत जिम्मेवारीसम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) वस्तुनिष्ठ सूचकका आधारमा प्रभावित बालबालिकाको पहिचान गर्ने,

(ख) आवश्यक तथ्याङ्क सङ्कलन तथा प्रमाणीकरण गर्ने,

(ग) छात्रवृत्तिका लागि योग्य बालबालिकाको विवरण र सिफारिस उपलब्ध गराउने।

(२) प्रदेश सरकारले प्रभावित बालबालिकाको निःशुल्क शिक्षाका लागि संघीय सरकार र स्थानीय तहबिच समन्वय तथा सहजीकरण गर्ने कार्य गर्नुपर्नेछ।

(३) शिक्षा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) समग्र कार्यक्रमको नेतृत्व, नीति तथा समन्वय गर्ने,

(ख) सिफारिस भएका बालबालिकालाई छात्रवृत्ति तथा अन्य सहयोग उपलब्ध गराउने सहयोगी निकायलाई आवश्यक सिफारिस गर्ने।

(४) शिक्षा विभागको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) स्रोत एकीकरणको लागि अनुसूची २ को आधारमा डेटा वेस तयार गर्ने,

(ख) प्रभावित विद्यार्थीको आवश्यकतासहितको एकीकृत विवरण तयार गर्ने,

(ग) स्रोत एकीकरण र प्रभावित विद्यार्थीको आधारमा छात्रवृत्ति एवम् सहयोग व्यवस्थापन गर्ने।

(५) सहयोगी निजी क्षेत्र/संस्थाले मन्त्रालयको सिफारिसका आधारमा पूर्ण, आंशिक वा आवासीय छात्रवृत्ति तथा अन्य शैक्षिक/भौतिक सहयोग उपलब्ध गराउनुपर्नेछ।

९. **सिफारिस, अभिलेख, अनुगमन तथा प्रतिवेदनः** स्थानीय तहले छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाको नाम, ठेगाना, कक्षा, विद्यालय, छात्रवृत्तिको प्रकार तथा उपलब्ध गराइएको सहयोगको विवरण अद्यावधिक राख्नुपर्नेछ। सम्बन्धित निकायले छात्रवृत्ति वितरण तथा बालबालिकाको शिक्षामा निरन्तरताको अनुगमन गरी आवश्यक प्रतिवेदन शिक्षा तथा खेलकुद मन्त्रालयमा उपलब्ध गराउनुपर्नेछ।

१०. **विविधः** (१) यस निर्देशिकाबमोजिम मन्त्रालयले गर्नुपर्ने भनी तोकिएका कार्य मन्त्रालयको विद्यालय शिक्षा हेर्ने महाशाखाबाट सम्पादन हुनेछ ।

(२) स्रोत एकीकरण र प्रभावित विद्यार्थीको लागि छात्रवृत्ति एवम् सहयोगको व्यवस्थापन र अभिलेखीकरण शिक्षा विभागबाट हुनेछ ।

(३) कुनै संस्थाले उच्च शिक्षाको लागि स्रोत एकीकरण गरी छात्रवृत्ति एवम् सहयोग उपलब्ध गराउन चाहेमा यस छात्रवृत्तिबमोजिम मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ ।

अनुसूची- १

दफा ६ को उपदफा (१) सँग सम्बन्धित

<u>प्रभावित विद्यार्थी व्यक्तिगत विवरण फारम (नमूना)</u>

विवरण	**उल्लेख गर्ने**
विद्यार्थीको नाम	
जन्म मिति / उमेर	
ठेगाना (नगर/गाउँपालिका/वडा)	
अध्ययनरत कक्षा र विद्यालय	
अभिभावकको नाम र सम्पर्क	
क्षतिको विवरण (घर/अभिभावक/सामग्री)	
हाल प्राप्त अन्य सहयोग (यदि छ भने)	
तत्काल आवश्यकता	
वडा/विद्यालय सिफारिस	

अनुसूची २
दफा ७ को उपदफा (२) सँग सम्बन्धित

समझदारी पत्र

"सुनिश्चित भविष्य छात्रवृत्ति योजना" कार्यान्वयन सम्बन्धमा

यो समझदारी पत्र नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय (यसपछि "मन्त्रालय" भनिने) र ..... (संस्थाको नाम) (यसपछि "सहयोगी संस्था" भनिने) बिच मिति ..... मा रसुवा-भोटेकोशी बाढी वा विपद्बाट प्रभावित विद्यार्थीको कक्षा १२ सम्मको शिक्षा सुनिश्चित गर्न मन्त्रालयले "सुनिश्चित भविष्य छात्रवृत्ति योजना" सञ्चालनमा ल्याएको र सहयोगी संस्थाले सोही योजनामा सहयोग गर्न इच्छुक रहेको हुँदा दुबै पक्षबिच निम्न सर्तमा सहमत भई यो समझदारी पत्रमा हस्ताक्षर गरियो ।

१. यस समझदारी पत्रको उद्देश्य सहयोगी संस्थाबाट प्राप्त हुने सहयोगलाई मन्त्रालयको सुनिश्चित भविष्य कोषमार्फत एकीकृत गरी, दोहोरोपना नहुने गरी, प्रभावित विद्यार्थीलाई पारदर्शी रूपमा उपलब्ध गराउने प्रक्रिया व्यवस्थित गर्नु हुने ।
२. सहयोगको प्रकार: अध्ययन सहयोग □ आवासीय सेवा □ सामग्री □ प्राविधिक सहयोग □
३. सहयोग कक्षा ..... देखि .....कक्षासम्म अध्ययनका लागि हुनेछ ।
४. लक्षित विद्यार्थी सङ्ख्या/समूह : ..... रहनेछ ।
५. मन्त्रालयले प्राप्त सहयोगलाई सुनिश्चित भविष्य छात्रवृत्ति योजनाको एकीकृत डेटाबेसमा समावेश गरी अभिलेख राख्ने ।
६. सहयोगी संस्थाको नाम र योगदान सार्वजनिक अभिलेख तथा प्रतिवेदनमा उल्लेख गर्ने ।
७. सहयोगी संस्थाले मन्त्रालयमा अभिलेख गरिएको सहयोग नियमित रूपमा तोकिएको स्थान र सङ्ख्यामा उपलब्ध गराउने ।
८. सहयोगी संस्थाले आवश्यक अभिलेख/कागजात मन्त्रालयलाई उपलब्ध गराई संयुक्त अनुगमनमा सहभागी हुने ।
९. मन्त्रालयको स्वीकृति बिना सोही प्रयोजनका लागि छुट्टै समानान्तर वितरण नगर्ने ।
१०. यो समझदारी पत्र हस्ताक्षर मितिबाट लागु भई ..... सम्म वा योजनाको प्रयोजन पूरा नभएसम्म (जुन पहिले हुन्छ) कायम रहनेछ । दुवै पक्षको लिखित सहमतिमा अवधि थप वा संशोधन गर्न सकिने ।
११. यस समझदारी पत्र कार्यान्वयनका क्रममा उत्पन्न हुने कुनै समस्या दुवै पक्षबिच आपसी छलफल तथा समझदारीबाट समाधान गरिनेछ ।

माथि उल्लिखित सर्तहरूमा दुवै पक्ष सहमत भई यो समझदारी पत्रमा दस्तखत गरेका छौं ।

मन्त्रालयको तर्फबाट	**सहयोगी संस्थाको तर्फबाट**
नाम: ..... पद: ..... मिति: ..... दस्तखत:	नाम: ..... पद: ..... मिति: ..... दस्तखत: .....